# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं, पुस २२ गते, २०७२ साल (संख्या ३८


## भाग ३

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

## राष्ट्रिय सतर्कता प्रहरी (पहिलो संशोधन) नियमावली, २०७२

राष्ट्रिय सतर्कता प्रहरी नियमावली, २०७१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरुको नाम "राष्ट्रिय सतर्कता प्रहरी (पहिलो संशोधन) नियमावली, २०७२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२. <u>राष्ट्रिय सतर्कता प्रहरी नियमावली, २०७१ को नियम ३९ मा संशोधन</u> : राष्ट्रिय सतर्कता प्रहरी नियमावली, २०७१(यस पछि "मूल नियमावली" भनिएको) को नियम ३९ को उपनियम (१) को शुरुमा "भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएकोमा बाहेक अन्य" भन्ने शब्दहरु थपिएका छन् ।

३. <u>मूल नियमावलीमा नियम ५३क. थप</u> : मूल नियमावलीको नियम ५३ पछि देहायको नियम ५३क. थपिएको छः-

"५३क. <u>स्थायी आवासीय अनुमति लिन नहुने</u> : (१) प्रहरी कर्मचारीले विदेशमा स्थायी रुपमा बसोवास गर्न पाउने गरी कुनै विदेशी मुलुकले उपलब्ध गराएको डाइभरसिटि इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.), ग्रीन कार्ड वा त्यस्तै प्रकृतिको जुनसुकै नामको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमतिको लागि आवेदन दिनु हुँदैन।

(२) यो नियम प्रारम्भ हुनु अघि कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिको लागि आवेदन दिएको प्रहरी कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र देहाय बमोजिमको विवरण सहितको जानकारी केन्द्रमा गराउनु पर्नेछ :-





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(क) प्रहरी कर्मचारीको नाम, थर, सेवा, समूह र हालको पद,

(ख) स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिको लागि आवेदन दिएको मिति र मुलुकको नाम,

(ग) आफूले प्राप्त गरेको स्थायी आवासीय अनुमति परित्याग गर्न वा त्यस्तो अनुमतिको लागि दिएको आवेदन रद्द गराउन इच्छुक भए नभएको ।

(३) उपनियम (२) बमोजिमको जानकारी गराउने प्रहरी कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले साठी दिनभित्र स्थायी आवासीय अनुमति लिएको भए त्यस्तो अनुमति परित्याग गरी वा अनुमतिको लागि आवेदन दिएको भए त्यस्तो आवेदन रद्द गराई सोको जानकारी केन्द्रमा दिनु पर्नेछ ।

(४) यो नियम प्रारम्भ हुनु अघि कुनै प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो



९९८

अनुमतिको लागि आवेदन दिएको भएमा यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र सम्बन्धित प्रहरी कर्मचारीले सोको जानकारी केन्द्रमा दिनु पर्नेछ।

(५) यो नियम प्रारम्भ भएपछि कुनै प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमतिको लागि आवेदन दिएमा वा स्थायी आवासीय अनुमति लिएमा त्यस्तो आवेदन दिएको वा अनुमति लिएको मितिले तीस दिनभित्र सम्बन्धित प्रहरी कर्मचारीले सोको जानकारी केन्द्रमा दिनु पर्नेछ।"

४. <u>मूल नियमावलीको नियम ६० मा संशोधन</u> : मूल नियमावलीको नियम ६० को खण्ड (घ) मा रहेका "नियम ५२," भन्ने शब्दहरु पछि "५३क. को उपनियम (४) र (५)," भन्ने शब्दहरु थपिएका छन् ।

५. <u>मूल नियमावलीको नियम ६३ मा संशोधन</u> : मूल नियमावलीको नियम ६३ को उपनियम (२) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः-

"(ग) नियम ५३क. को उपनियम (१), (२) र (३) मा उल्लिखित आचरण उल्लङ्घन गरेमा।"

६. <u>मूल नियमावलीको नियम ७६ मा संशोधन</u> : मूल नियमावलीको नियम ७६ मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-



१९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर समान पदको प्रहरी कर्मचारी सेवामा नरहेमा नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीको तलबको शुरु अङ्कमा जति बृद्धि भएको छ त्यसको दुई तिहाई रकम सेवानिवृत्त प्रहरी कर्मचारीको निवृत्तभरणमा थप गरिनेछ ।"

७. <u>मूल नियमावलीको नियम ७७ मा संशोधन</u> : मूल नियमावलीको नियम ७७ को उपनियम (४) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर समान पदको प्रहरी कर्मचारी सेवामा नरहेमा नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीको तलबको शुरु अङ्कमा जति बृद्धि भएको छ त्यसको दुई तिहाई रकम पारिवारिक निवृत्तभरणमा थप गरिनेछ।"

८. <u>मूल नियमावलीको नियम ८९ मा संशोधन</u> : मूल नियमावलीको नियम ८९ को नियम शीर्षकमा रहेको "भत्ता" भन्ने शब्द र सोही नियममा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

९. <u>मूल नियमावलीमा नियम ९२क. थप</u> : मूल नियमावलीको नियम ९२ पछि देहायको नियम ९२क. थपिएको छः-

"९२क. <u>सञ्चय कोष र बिमा बाहेक अन्य कुनै सुविधा नपाउने</u> : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम ६३ को उपनियम (२) बमोजिम सेवाबाट बर्खास्त भएको प्रहरी कर्मचारीले





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

नियम ९१ बमोजिमको कर्मचारी सञ्चय कोषको रकम र नियम ९२ बमोजिमको बिमा बाहेक यस नियमावली बमोजिमको अन्य कुनै सुविधा पाउने छैन।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नियम ५३क. को उपनियम (४) वा (५) बमोजिम दिएको जानकारीबाट कुनै प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेको देखिएमा स्थायी आवासीय अनुमति लिएको त्यस्तो प्रहरी कर्मचारीको पति वा पत्नीले नियम ९१ बमोजिमको कर्मचारी सञ्चय कोषको रकम र नियम ९२ बमोजिमको बिमा बाहेक यस नियमावली बमोजिमको अन्य कुनै सुविधा पाउने छैन।"

१०. <u>मूल नियमावलीको नियम ९४ मा संशोधन</u> : मूल नियमावलीको नियम ९४ को उपनियम (१) मा रहेको "केन्द्रमा" भन्ने शब्दको सट्टा "केन्द्र र प्रहरी किताबखानामा" भन्ने शब्दहरु राखिएका छन्।

११. <u>मूल नियमावलीको नियम ९५ मा संशोधन</u> : मूल नियमावलीको नियम ९५ को,-



9000

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(१) उपनियम (१) मा रहेको "केन्द्रमा" भन्ने शब्दको सट्टा "प्रहरी किताबखानामा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) मा रहेको "केन्द्रले" भन्ने शब्दको सट्टा "प्रहरी किताबखानाले" भन्ने शब्दहरु राखिएका छन्।

१२. <u>मूल नियमावलीको नियम ९७ मा संशोधन</u> : मूल नियमावलीको नियम ९७ को उपनियम (२) मा रहेको "राखिनेछ" भन्ने शब्दको सट्टा "राखी सोको जानकारी प्रहरी किताबखानामा पनि पठाउनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

१३. <u>मूल नियमावलीको नियम १०१ मा संशोधन</u> : मूल नियमावलीको नियम १०१ मा रहेको "केन्द्रले" भन्ने शब्दको सट्टा "प्रहरी किताबखानाले" भन्ने शब्दहरु राखिएका छन्।

आज्ञाले,
कमलशाली घिमिरे
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

१०१,१

मुद्रण विभाग, सिंहदरबार

9092

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।